# जानकी गाउँपालिका बाँकेको

# आर्थिक बर्ष २०७९/२०८०

# सामाजिक परीक्षण

## कार्यक्रम प्रतिवेदन-पत्र



*प्रारम्भिक प्रतिबेदन प्रश्तुतिकरण कार्यक्रमको झलक ।*

**आयोजक**

**जानकी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय बाँके**

**सहजिकरण**

**बास नेपाल**

# जानकी गाउँपालिका बाँकेको

# आ.ब. २०७९/२०८०

# सामाजिक परीक्षण

## कार्यक्रम प्रतिवेदन-पत्र

### १. कार्यक्रमको पृष्ठभुमी :

सामाजिक बिकास निर्माण तथा सार्वजनिक सेवाको क्षेत्रमा काम गर्ने निकाय तथा सँस्थाहरु सरोकारवाला तथा सेवाग्राहीहरुप्रति जवाफदेही र पारदर्शी हुनु पर्दछ भन्ने माग बढ्दै गएकोछ । यसै कुरालाई ध्यानमा राखि सार्वजनिक सेवा कस्तो छ ? भनेर अनुगमन गर्ने भरपर्दो बिधि सामाजिक परिक्षण (Social Audit) हो । बिकासे संस्थाहरुले सन् १९९० पछि यसलाई उपयोग गर्दै आएका छन् । यसले योजनातर्जुमा, कार्यान्वयन, बजेट बांडफांड लगाएतका बिषयमा छलफल गर्ने उचित अबसर दिन्छ । यो सामाजिक रुपमा लेखाजोखा गर्ने कार्यक्रम हो । सामाजिक बिकासको क्षत्रेमा काम गर्ने सरकारी निकाए तथा गैर सरकारी निकाएले सालेप गर्नु पर्ने प्राबधान भएतापनि कार्यन्वयन हुन सकिरहेको छैन । सार्बजनिक दायित्व निर्बाह गर्नु पर्ने व्यक्ति वा निकायले काम गर्दा अपनाउने प्रकृया, कार्यक्रमको श्रोत परिचालनको नियमितता, कामको प्रभाबकारिता, सान्दर्भिकता तथा कार्यदक्षताका बारेमा सरोकारवाला समक्ष पारदर्शी र जवाफदेही ढँगबाट प्रस्तुत हुने कार्य सालेप हो । सेवाप्रदायक र सरोकारवाला एउटै थलोमा बसेर लेखाजोखा, समिक्षा तथा बिश्लेषण गर्नु सामाजिक परिक्षण हो । जसलाई जनलेखापरिक्षण,सार्वजनिक समिक्षा भनेर पनि बुझ्ने गरिएकोछ तर यि सबैको प्रकृया फरक, फरक छ । बिभिन्न नामबाट यसलाई उपयोग गरिएपनि यसको खास उद्धेश्य भनेको सार्वजनिक निकायले संचालन गर्ने गतिबिधिका बारेमा सरोकारवालालाई जानकारी दिने संस्कारको बिकास गर्नु नैं हो । कार्यक्रम संचालन गर्दा हुने अनियमिततालाई रोक्न, सरोकारवालाप्रति जवाफदेही र पारदर्शी बनाउन, निर्णय, कार्यन्वयन प्रकृया र आर्थिक प्रशासनमा पारदर्शीताको बिकास गर्न, अनुगमन, मुल्याँकन र समिक्षा गर्ने परिपाटीको बिकास गर्न, श्रोतसाधनको सही ढँगले परिचालन गर्न, गराउन, समुदायको सहभागिता अभिबृद्धि गर्न, अनाबश्यक खर्च नियन्त्रण गरि स्थानीय स्रोत र साधनको अधिकतम उपयोग गर्न, उत्पन्न हुन सकने अन्तरद्धन्द कम गर्न र थप नोक्सानी हुनबाट रोक्नका लागि सामाजिक परिक्षण गर्ने गरिन्छ ।

सामाजिक संस्थाहरुले हरेक आर्थिक बर्षमा सम्पादन गरेका कार्यक्रम र त्यसको सामाजिक उपलब्धि तथा कार्यसम्पादनको लेखाजोखाका लागि बर्षमा एक पटक सामाजिक परिक्षण गर्नु पर्ने प्रावधानलाई कार्यन्वयन गर्न, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद १० को दफा ७८ को उपदफा ५ बमोजिम एक आर्थीक बर्षमा समग्र सामाजिक जिम्मेवारी पुरा गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्न, स्थानीय निकाय

सामाजिक परीक्षण कार्यबिधि २०६७, स्थानीय तह सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्वन्धी नमुना कार्यबिधि २०७७ अनुरुप सामाजिक जिम्मेवारी, त्यसलाई पालना गर्न भएको प्रयास तथा कार्य सम्पादनको लेखाजोखा गर्ने प्रक्रियालाई कार्यन्वयन गर्न र योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थीक तथा सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, बिश्लेषण र मूल्याँकन गर्नका लागि सामाजिक परीक्षण गर्नु पर्दछ ।

सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढङ्गबाट अध्ययनपश्चात् सम्पूर्ण सरोकारवाला सहितको समावेशी एवं सहभागितामूलक उपस्थितिमा प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरिन्छ । छलफलमा उठेका सवाल र जवाफलाई समेटी अन्तिम प्रतिवेदन तयार गरिन्छ । संस्थाका कार्यक्रम तथा परियोजनाका गतिविधिहरूबाट सामाजिक उपलब्धि कति हासिल भए, सोको विश्लेषणबाट प्रभावसम्मको अवस्थाको आँकलन गर्न सामाजिक परीक्षण विधि निकै प्रभावकारी भएको देखिन्छ । सामाजिक परीक्षणको सैद्धान्तिक पक्षको अनुसरण, सामाजिक परीक्षण कार्यविधिको महत्वपूर्ण पाटो भएकाले यसको सफल कार्यान्वयनबाट आफ्नो सामाजिक विकासको उत्तरदायित्व पूरा गर्न जानकी गाउँपालिकालाई ठूलो टेवा पुग्नेछ । यसैका आधारमा भविष्यको रणनीति तथा योजना तयार गर्ने कार्यका लागि यसका निष्कर्षहरूले सघाउने देखिन्छ ।

## सामाजिक परीक्षण सम्बन्धी संस्थागत व्यवस्था :

'स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि-२०६७' को परिच्छेद ६ विविध अन्तर्गत उल्लेख भए अनुसार गैरसरकारी संस्थाहरू तथा अन्य सार्वजनिक संस्थाहरूले पनि सामाजिक परीक्षण गर्दा यस कार्यविधिको प्रयोग गर्न सक्ने र सो गर्न गराउन स्थानीय निकायहरूले समन्वय र सहयोग गर्नुपर्ने उल्लेख छ । **'सामाजिक परीक्षण कार्यविधि २०६७'** का आधारमा जानकी गाउँपालिकाको सामाजिक परीक्षण सम्पन्न गरेको हो ।

## २. जानकी गाउँपालिकाको परिचय :

साविकको मध्यपश्चिमाञ्चल बिकास क्षेत्रको केन्द्र बिन्दु तथा प्रमुख औधोगिक, ब्यापारिक र कृषि योग्य स्थल शहर बाँके जिल्लामा अवस्थित जानकी गाउँपालिका पनि एक व्यापारिक तथा अधौगिक क्षेत्रमा प्रचिलित ठाउँ हो र यसको क्षेत्र सुर्खेतरोड को मनिकापुर एरपोर्ट को सीमाना देखि खजुरा रोड हुँदै साईगाउँ भारत को सीमानासंग जोडेको देखाउछ ।


यस गाउँपालिकामा जम्मा वडा ६ वटा रहेका छन् । यस गाउँपालिकाको कुल क्षेत्रफल ६३.३२ वर्ग किलोमिटर रहेको छ । राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार जानकी गाउँपालिकाको कुल जनसंख्या ४६,५३६ रहेको छ जस मध्य पुरुषको जनसंख्या २३,३८६ र महिला जनसंख्या २३,१५० रहेको छ जानकी गाउँपालिकाको कुल घरधुरी संख्या ७,२६३ र परिवार संख्या जम्मा ९,१२४ रहेको छ । यस गाउँपालिकाको मुख्य बजार पिप्रवा चोक र मानपुर मानिन्छ । यस जानकी गाउँपालिका क्षेत्रसंग सिमाना

जोडिएका ठाउँहरु पूर्वमा-नेपालगंज, पश्चिममा- खजुरा सिमाना,  उत्तरमा- कोहलपुर र दक्षिणमा- भारतको सिमाना रहेका छन ।

## गाउपालिकाको सिमाना :

- पुर्वमा नेपालगन्ज उपमहानगरपालिका
- पश्चिममा खजुरा गाउँपालिका
- उत्तरमा कोहलपुर नगरपालिका
- दक्षिणमा भारतको उत्तरप्रदेश सिमाना पर्दछ ।

## नक्सामा जानकी गाउपालिका :



## जानकी गाउँपालिकाको संक्षिप्त परिचय:

- गाउपालिका घोषणा : बि.स. २०७२
- जम्मा वडा संख्या: ६
- जम्मा जनसंख्या: ४६,५३६
- समावेश गाविस: ***साबिकको साईगाउँ, इन्द्रपुर, खजुराखुर्द, बेलहरी र गनापुर गाबिसहरु***
- जम्मा क्षेत्रफल: ६३.३२ वर्ग कि. मि.
- जम्मा घरधुरी सख्या : ७,२६३

## जानकी गाँउपालिकाको जनप्रतिनिधिहरुको बिवरण :

**गाउँ कार्यपालिका संख्या**
**१४ जना**

**वडा सदस्य सख्या**
**२० जना**

**जम्मा जनप्रतिनिधि सख्या**
**३४ जना**

- मन्त्रालयको स्वीकृत दरवन्दी संख्या :३२
- कार्यरत संख्या : २४
- करार कर्मचारी संख्या : १२०
- दैनिक ज्यालादारीमा कार्यरत संख्या : ०
- जम्मा कर्मचारी संख्या : १४४

## जानकी गाउपालिका अन्तरगत रहेका शाखाहरू :

- योजना शाखा
- आर्थिक प्रशासन शाखा
- प्राविधिक शाखा
- सामाजिक विकास शाखा तथा न्यायीक समिति
- स्वास्थ्य शाखा
- शिक्षा, युवा तथा खेलकुद शाखा
- पशु शाखा
- सूचना तथा प्रविधि शाखा
- प्राविधिक शाखा
- रोजगार शाखा
- महिला तथा बालबालिका शाखा
- प्रशासन तथा अख्तियार सम्बन्धी पत्रको फोकल पर्सन
- कृषि विकास शाखा
- प्रशासन शाखा
- आन्तरिक लेखा परिक्षण ईकाई
- सहकारी शाखा
- राजश्व शाखा
- सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा
- लघु उद्यम शाखा
- पूर्वाधार शाखा
- आयूर्वेद शाखा
- पशुपंक्षि विकास शाखा

## ३. सामाजिक परीक्षणका उद्देश्यहरू :

- स्थानीय सरकारले हरेक आर्थिक बर्षमा सम्पादन गरेका कार्यक्रम र त्यसको सामाजिक उपलब्धि तथा कार्यसम्पादनको लेखाजोखाका लागि बर्षमा एक पटक सामाजिक परिक्षण गर्नु पर्ने प्रावधानलाई कार्यन्वयन गर्ने ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद १० को दफा ७८ को उपदफा ५ बमोजिम एक आर्थीक बर्षमा समग्र सामाजिक जिम्मेवारी पुरा गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्ने ।

- स्थानीय निकाय सामाजिक परीक्षण कार्यबिधि २०६७, स्थानीय तह सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्वन्धी नमुना कार्यबिधि २०७७ अनुरुप सामाजिक जिम्मेवारी, त्यसलाई पालना गर्न भएको प्रयास तथा कार्य सम्पादनको लेखाजोखा गर्ने प्रक्रियालाई कार्यन्वयन गर्ने ।
- योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थीक तथा सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, बिश्लेषण र मूल्याँकन गर्ने ।
- कार्यक्रमको दिगोपना, जनताको भलाई र स्थानीय निकायको सबलिकरणका लागि सुझाव संकलन गर्ने ।
- स्थानीय निकायले प्रचलित ऐन, नियमावली, निर्देशिका र कार्यबिधि अनुसार कार्य गरे, नगरेको बारे नागरिकहरुको अभिमत बुझ्ने ।
- समावेशि र समतामुलक विकासका लागि उपयुक्त नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने ।
- लक्षित वर्गलाई ध्यान दिई सेवा प्रवाह गर्नका लागि दायीत्वबोध गराउने ।
- स्थानीय निकायलाई जनताप्रति जवाफदेहि बनाई स्थानीय निकायका सरकारका प्रतिनिधि र सर्वसाधारण नागरिक बिचमा विश्वासको वातावरण सिर्जना गर्ने ।
- जानकी गाउँपालिकाले प्रदान गर्ने सेवालाई थप पारदर्शी र गुणस्तरिय बनाउने ।
- जानकी गाउँपालिकाले संचालन गरेका कार्यक्रमहरुको लक्ष्य, उद्धेश्य, बजेट आम्दानी र यसबाट प्राप्त उपलब्धि र खर्चको सरोकारवालाहरुलाई जानकारी गराउने ।
- कार्यक्रम संचालन गर्दा प्राप्त चुनौती, उपलब्धि, सिकाई सार्वजनिक र श्रोत, साधनको सहि उपयोग गर्न पृष्ठपोषण लिने ।
- जानकी गाउँपालिकाका गतिबिधिहरुको लेखाजोखा तथा मूल्याङ्कन गरि भावि कार्ययोजनाका लागि सुझाब संकलन गर्ने ।
- जानकी गाउँपालिकाको सामाजिक परिक्षण गर्ने ।
- लक्षित उद्देश्य पूरा भए, नभएको, बजेट सहि रुपमा खर्च भए, नभएको समिक्षा गर्ने ।
- श्रोत, साधनको सहि उपयोग गर्न पृष्ठपोषण लिन ।

### ४. संस्थागत सामाजिक परीक्षणसम्बन्धी अध्ययनको क्षेत्र र सीमा :

जानकी गाउँपालिका र पालिका अर्न्तगतका ६ वटा वडाहरु अध्ययनको क्षेत्र रहेका थिए भने समय तथा स्रोतसाधनको सीमितताले गर्दा संस्थागत सामाजिक परीक्षणका क्रममा बिभिन्न वडाहरुको स्थलगत भ्रमण तथा अध्ययन गरिएको थियो । अन्तरवार्ता, समूहगत छलफल, अध्ययन क्रममा आवश्यक व्यक्ति, समूह र सरोकारवालाहरुसँग छलफल गरिएको छ ।

### ५. सामाजिक परीक्षणमा प्रयोग भएका बिधि तथा प्रक्रियाहरु :

१. सन्दर्भ सामाग्री अध्ययन र समिक्षा ।

२. अन्तवार्ता, भेटघाट ।

३. स्थलगत अवलोकन ।

४. समूह केन्द्रित छलफल ।

५. सूचनाहरुको संकलन तथा बिश्लेषण ।

६. प्रारम्भिक प्रतिवेदन तयारी र प्रस्तुती ।

७. अन्तिम प्रतिबेदन तयारी ।

**५.१. सामाजिक परीक्षणमा प्रयोग भएका बिधि तथा प्रक्रियाहरुको बिस्तृतिकरण :**

**१. सन्दर्भ सामाग्री अध्ययन र समिक्षा :** जानकी गाउँपालिकाको वेवसाईड, बार्षिक योजना पुस्तिका, बार्षिक प्रतिबेदन आदि सन्दर्भ सामाग्रीको अध्ययन र समिक्षा गर्ने काम भएको छ ।

२. **अन्तवार्ता :** बिभिन्न सरोकारवालाहरुसँग अन्तवार्ता लिने काम भएको छ ।

३. **स्थलगत अवलोकन :** बिभिन्न योजनाहरुको स्थलगत अवलोकन गर्ने काम भएको छ ।

४. **समूह केन्द्रित छलफल :** बिभिन्न समूह, बिभिन्न क्षेत्रका व्यक्तिहरुसँग समूह केन्द्रीत छलफल गरिएको छ

५. **सूचनाहरुको संकलन तथा बिश्लेषण :** प्राप्त सूचनाहरुको बिश्लेषण गरिएको छ ।

६. **प्रारम्भिक प्रतिवेदन तयारी र प्रस्तुती :** बिभिन्न बिधिहरुबाट प्राप्त तथ्यहरुका आधारमा प्रारम्भिक प्रतिबेदन तयारी गरि प्रश्तुत गरिएको थियो ।

७. **अन्तिम प्रतिबेदन तयारी :** प्रारम्भिक प्रतिबेदन माथि भएको छलफल पश्चात अन्तिम प्रतिबेदन तयार गरि पेश गरिएकोछ ।

## ६. बृहत छलफल तथा प्रारम्भिक प्रतिबेदन प्रश्तुतिकरण कार्यक्रमको बिबरण :

मिति : २०८१ असार २२ गते

स्थान : सुनाखरी रेष्टुरेन्टको सभाहल

समय : दिउसो १.०० बजे देखि ४.०० बजे सम्म

जानकी गाउँपालिका बाँकको आर्थिक बर्ष २०७९/०८० को सामाजिक परिक्षण कार्यक्रम अन्तरगत प्रारम्भिक प्रतिबेदन प्रश्तुतीकरण तथा छलफल सम्पन्न भएको छ ।

जानकी गाउँपालिकाको सहयोग तथा बास नेपालको सहजिकरणमा आज सम्पन्न कार्यक्रममा बोल्दै गाउँपालिका अध्यक्ष छब्बन खाँले सामाजिक परिक्षण मार्फत पालिकाको बार्षिक कार्य सम्पादनको लेखा जोखा गरी पालिकालाई अगाडी बढ्न महत्वपूर्ण सुझाव प्रदान गरेको बताए । प्रतिबेदनले देखिएका समस्याहरुलाई समाधान गर्दै उत्कृष्ट कार्य सम्पादन गर्न जनप्रतिनिधि र कर्मचारीहरुलाई निर्देशन गरे ।

कार्यक्रममा बोल्दै जानकी गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत दिल बहादुर पौडेलले सामाजिक परिक्षणको क्रममा देखिएका सुझावहरुलाई योजना सहित कार्यान्वयनमा लैजाने प्रतिबद्धता गरे । पालिकाको

सेवा प्रवाहका बिषयमा तेस्रो पक्षको बिष्लेषण महत्वपूर्ण हुने भन्दै सामाजिक परिक्षण जस्ता कार्यक्रमलाई प्राथमिकिकरणमा राख्ने बताए । उनले सामाजिक परिक्षणको प्रतिबेदन पालिकाका लागि उत्कृष्ट दस्ताबेजको रुपमा रहने बताए ।

बासका केन्द्रीय सदस्य तपेन्द्र बहादुर मलातीले सञ्चालन गरेको कार्यक्रममा बास नेपालका निर्देशक तथा सामाजिक परिक्षक हेमराज भट्टले सामाजिक परिक्षण, प्रक्रिया, जानकी गाउँपालिकाले आर्थिक बर्ष २०७९/०८० मा गरेका कार्यहरु, जनप्रतिनिधि तथा कर्मचारीहरुसँगको छलफल, लक्षित समुह छलफल, सन्दर्भ सामाग्री अध्ययन, स्थलगत अवलोकन लगायत बाट प्राप्त तथ्यसँगै गाउँपालिकाको राम्रा पक्षहरु सुधार गर्नुपर्ने पक्ष, समस्या, चुनौतीका बिषयमा प्रारम्भिक प्रतिबेदन प्रश्तुतीकरण गरेका थिए । प्रश्तुतीकरण पश्चात खुल्ला छलफल गरिएको थियो । खुल्ला छलफलमा वडा अध्यक्षहरु, कार्यपालिका सदस्य तथा शाखा प्रमुखहरुले बोलेका थिए ।

बासका कार्यकारी निर्देशक नमस्कार शाहले स्वागत तथा उद्धेश्य माथि प्रकाश गरेको कार्यक्रम गाउपालिका अध्यक्ष छब्बन खाँको अध्यक्षतामा भएको थियो । सामाजिक परिक्षण कार्यक्रम अन्तरगत भएको छलफलको क्रममा प्राप्त सुझावलाई समाबेश गरि जानकी गाउँपालिकाको आर्थिक बर्ष २०७९/०८० को सामाजिक परिक्षण अन्तिम प्रतिबेदन सहजिकरण गर्ने संस्थाका तर्फबाट बास नेपालले पेश गरिनेछ । कार्यक्रमको समापन गाउँपालिका अध्यक्ष छब्बन खाँले गरेका थिए ।

## ७. सामाजिक परीक्षण अवधि :

| |
|---|
| सूचना संकलन, अध्ययन, समिक्षा : ५ दिन |
| स्थलगत अवलोकन, समूह केन्द्रीत छलफल : ४ दिन |
| सरोकारवालाहरुसँग छलफल, अन्तवार्ता : ३ दिन |
| सामाजिक परीक्षण प्रारम्भिक प्रस्तुती : १ दिन |
| अन्तिम प्रतिबेदन लेखन : २ दिन |
| सामाजिक परीक्षण गर्दा लागेको जम्मा दिन : १५ दिन |

## ८. जानकी गाउँपालिकाको शाखागत प्रगति :

### क) आर्थिक प्रशासन शाखा

**गाउँपालिकाका मूख्य गतिबिधिहरु : आर्थिक प्रशासन शाखा**

**संघीय सरकार अनुदान**

| क्र.सं | शीर्षकको नाम | स्वीकृत बजेट | निकासा | खर्च | बाँकी |
|---|---|---|---|---|---|
| १ | समानिकरण अनुदान | १३.३९००,००० | १२.३८५७५००/- | ११.७५२५.०३१/- | ६१.३२४६९/- |
| २ | सशर्त अनुदान | १९.६४,७५,००० | १८.९३९६.७५०/- | १०.१५६८०९२।०३ | १.७८२८६५०।९० |

**संघीय सरकार तथा दाताहरुबाट हस्तान्तरित कार्यक्रम**

| क्र.सं. | शीर्षकको नाम | स्वीकृत बजेट | निकासा | खर्च |
|---|---|---|---|---|
| १ | सामाजिक सुरक्षा कार्यक्रम (ज्येष्ठ नागरिका) | १६,२५,१७,०००/- | १५,९४,६०,२५१ | १५,९४,६०,२५१ |

## गाउँपालिकाका मूख्य गतिबिधिहरु : आर्थिक प्रशासन शाखा

| प्रदेश सरकार अनुदान | | | | |
|---|---|---|---|---|
| **शिर्षक** | **स्विीकृत बजेट** | **निकासा** | **खर्च** | **बाँकी** |
| समानिकरण अनुदान | ७४,२२,०००/- | ७४२२०००/- | ५३४२७४५/- | २०७९२५५/- |
| सशर्त अनुदान | १,२०,००,००० | १२००००००/ | ९१६३४४८/- | २८३६५५२/- |
| समपुरक अनुदान | १,५०,००,००० | ९६०२८३८/- | ९८४८३०४/- | -२४५४६६ |
| विशेष अनुदान | ६०,००,०००/- | ५७५८५५४/- | ५७५८५५४/- | ०/- |

## राजस्व बाँडफाँडबाट प्राप्त आम्दानी

| क.सं. | सरकार | ०७९/०८० मा प्राप्त भएको |
|---|---|---|
| १ | संघीय सरकार<br>**(मूल्य अभिवृद्धि र अन्त शुल्क कर)** | ७,२३,६२,४७८.०० |
| २ | प्रदेश सरकार<br>**(सवारी साधन कर)** | ५६,८२,०६४.०३ |
| ३ | **रोयल्टी** | ० |
| ४ | राजश्व बाँडफाड स्थानीय सरकार<br>**(घरजग्गा रजिष्ट्रेशन शुल्क)** | ५७,४२,८३७.६० |
| | जम्मा | <u>८,३७,८७,३७९.६३</u> |

## आन्तरिक आम्दानी

| क्र. सं. | शिर्षक | ०७९/०८० को अनुमान | ०७९/०८० संकलित रकम |
|---|---|---|---|
| १ | आन्तरिक राजस्व | ३,००,००,०००/- | १,२०,७४,०४९.३२ |
| २ | भूमि सुधार तथा मालपोत कार्यालयवाट प्राप्त हुने **(घरजग्गा रजिष्ट्रेशन शुल्क)** | | ५७,४२,८३७.६० |
| | | | **<u>१,७८,१६,८८६.९२</u>** |

## जिल्ला समन्वय समिति मौज्दात कोष

| क्र. सं. | शीर्षकको नाम | स्वीकृत बजेट | निकासा | खर्च | बाँकी |
|---|---|---|---|---|---|
| १ | प्रशासनिक भवन निर्माण | ४,००,००,०००/- | २,७१,६०,०००/- | २,५२,८५,९६८/- | १८,७४,०३२/- |

नोट : निकासा हुन बाँकी बजेट १,२८,४०,०००/-

## खर्च विवरण/उपलब्धी

| क्र.सं. | खाताको प्रकार | जम्मा खर्च |
|---|---|---|
| १ | चालु खर्च | २८,४१,१८,९७६.२० (८६.१२%) |
| २ | पुँजीगत खर्च | १९,४४,००,०२०.०० (७०.५२%) |
| | जम्मा खर्च | <u>४७,८५,१८९९६.२० (७९.०२%)</u> |

**शाखाका सवल पक्षहरू :**

- अधिकांस योजनाहरु ठेक्का प्रक्रियाबाट सञ्चालन भईरहेको
- प्रक्रिया पुरा गरि आएमा समयमा नै भुक्तानी हुने गरेको ।
- जनप्रतिनिधि र कर्मचारी बिचमा राम्रो सम्बन्ध ।
- सफ्टवेयर प्रणाली लागु ।

**शाखामा देखिएका समस्या तथा चुनौतीहरू :**

- राजस्व सफ्टवेयरमा समस्या आउने गरेको
- उपभोक्ता समिति मार्फत भएका काममा कागजी प्रक्रिया नपुग्नु
- राजस्व शंकलन भन्दा खर्च गर्ने परिपाटि
- टुक्रे योजना तर्जुमा गरिदा समस्या
- क्षमता विकास सम्बन्धी प्रयाप्त कार्यक्रम नहुनु
- बर्षको अन्तिमतिर योजना संसोधन र रकमान्तरण हुनु
- अख्तियारको त्रास

**ख) कृषि विकास शाखा :**

## आ.व.२०७९/८० को बार्षिक प्रगती प्रतिवेदन

| क्र. स. | कार्यक्रम/आयोजना/क्रियाकलाप को नाम | विनियोजित बजेट (रु. हजारमा) | खर्च रकम(रु. हजारमा) | भौतिक लक्ष्य | वित्तिय लक्ष्य | लाभान्वित विवरण |
|---|---|---|---|---|---|---|
| १ | तरकारी विउ किट वितरण कार्यक्रम | ३४० | ३२८ | १०० | ९६ | २२०० |
| २ | ५०%अनुदानमा तरकारीको विउ वितरण कार्यक्रम | १६० | ११४ | १०० | ७१ | २५ |
| ३ | बाली संरक्षण सेवा कार्यक्रम (रोग किरा झारनाशक विसादि सहयोग) | २०० | ९६ | १०० | ४८ | ६५० |
| ४ | ५०% अनुदानमा च्याउको विउ वितरण कार्यक्रम | १०० | ८०.९५ | १०० | ८०.९५ | ४५० |
| ४ | च्याउको प्लाष्टिकमा सहयोग | ४० | ४० | १०० | १०० | ४५० |
| ५ | स्थलगत घुम्ती तालिम कार्यक्रम( च्याउ खेति) | १२० | ८० | ६० | ६६.६७ | ८२ |
| ६ | विविध | ४० | ३८.५ | | ९६.२५ | १००/१००समूह/सहकारीका प्रमाणपत्र छपाइ |

# आ.व.२०७९/८० को बार्षिक सशर्त कार्यक्रम

| क्र.स. | कार्यक्रम/आयोजना/क्रियाकलाप को नाम | विनियोजित बजेट (रु. हजारमा) | खर्च रकम(रु. हजारमा) | भौतिक लक्ष्य | वित्तिय लक्ष्य | लाभान्वित विवरण |
|---|---|---|---|---|---|---|
| १ | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना | | | | | |
| १.१ | आ.व. ०७८/७९ मा स्थापना भएको धानबाली पकेट विकास कार्यक्रमको निरन्तरता | ६०० | ६०० | १०० | १०० | २८ जना कृषक लाभान्वित |
| १.२ | आ.व. ०७९/८० मा नयाँ मकै बाली पकेट विकास कार्यक्रम | १२०० | १२०० | १०० | १०० | ४३ |
| १.३ | खाद्यान्न बालीको उन्नत विउ उपयोगमा अनुदान | १००० | ९९९.३६ | १०० | ९९.९३ | ७५० |
| १.४ | उन्नत वीउ वितरकलाइ प्रोत्साहन अनुदान | १५० | ४८ | १०० | ३२ | २५ |

**शाखाका उपलब्धी तथा चुनौतीहरू :**

- कृषहरुलाई प्रत्यक्ष लाभ हुने कार्यक्रम सञ्चालन
- धानको बिउ वितरण नियमित
- हिउदे मकै वितरण भईरहेको
- पकेट विकास कार्यक्रम अन्तरगत ५० प्रतिशत साझेदारीमा कार्यक्रम सञ्चालन भईरहेको
- कृषक छनौटमा समस्या
- कृषक छनौटका लागि पालिकामा स्पष्ट मापदण्ड नहुदा समस्या
- विभिन्न दवावका कारण वितरणमा समस्या सिर्जना हुने गरेको

## ग) पशु सेवा शाखा :

पशु सेवा शाखा तर्फको आ.व.०७९,०८० को वार्षिक प्रगति प्रतिवेदन

| क्र.सं. | कार्यक्रम विवरण | इकाई | वार्षिक लक्ष | | वार्षिक प्रगति | | लाभान्वीत समुदाय | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | कार्य लक्ष | बजेट रु हजार | प्रगति | खर्च रु हजार | महिला | पुरुष | जम्मा |
| १ | प्रयोगशाला सेवा कार्यक्रम | पटक | ३ | ९०.० | १ | ३०.० | ४३ | २१७ | २६० |
| २ | पशु उपचार सेवा | संख्या | ९००० | ९००.० | ६८४४ | ६०० | १७१३ | २८५७ | ४५७० |
| ३ | आकस्मीक रोग उपचार सेवा | पटक | १ | १५०.० | १ | १५०.० | ४७ | १०६ | १५३ |
| ४ | सबै वडामा निशुल्क खोप कार्यक्रम | पटक | १ | ४५० | १ | ४५० | २१६३ | ३७५६ | ५९१९ |
| ५ | पशु आहारा सेवा कार्यक्रम | | | | | | | | |
| | हिउँदे घासको बिउ खरिद,वितरण | किलो | ११०० | ४६०.० | ११०० | ४६०.० | ३१७ | १४३५ | १७५२ |
| ६ | साँढेय सर्ताि कार्यक्रम (कृत्रिम गर्भाधान कार्यक्रम) | | | | | | | | |
| ७ | गाई | संख्या | १५० | | १८७ | | १६ | १३१ | १४७ |
| ९ | भैंसी | ,, | २०० | | १३६ | | ०८ | १०६ | ११४ |
| १० | बाख्रा | | ५० | | ५ | | १ | ४ | ५ |
| | कृत्रिम गर्भाधानको लागि लजिष्टिक सपोर्ट | पटक | ३ | १२०.० | ३ | १२०.० | ० | ० | ० |

पशु सेवा शाखा तर्फ

| क्र.सं. | कार्यक्रम विवरण | इकाई | वार्षिक लक्ष | | वार्षिक प्रगति | | लाभान्वीत समुदाय | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कार्य लक्ष | बजेट रु हजार | प्रगति | खर्च रु हजार | महिला | पुरुष | जम्मा | |
| | | | | | | | | | | |
| | डोर टु डोर बाँझोपन निवारण शिविर | पटक | ३ | १५० | ३ | १५० | १२ | ४७ | ५९ | |
| | | | | | | | | | | |
| ११ | प्रदेश सरिय कार्यक्रम (बाख्रा प्रवर्द्धन कार्यक्रम) | | | | | | | | | |
| | बाख्रा वितरण कार्यक्रम | संख्या | २०० | २७५०.० | २३३ | २७५०.० | १८९ | ४४ | २३३ | वडा नं ३,९ ४ |
| | भेंडा वितरण | ,, | १० | ४००.० | ११ | ४००.० | २ | ९ | | वडा नं ३,९ ४ |
| | | | | | | | | | | |

## घ) रोजगार शाखा :

- जम्मा सुचिकृत बेरोजगार संख्या - २५९
- जम्मा योजना संख्या -९ वटा
- न्युनतम १०० दिनको रोजगारीमा संलग्न हुनुपर्ने - ५५ जना
- न्युनतम १०० दिनको रोजगारीमा संलग्न - ५३ जना
- जम्मा दिन - ४०४१ दिन
- जम्मा योजना संख्या -९ वटा
- १-६ नम्बर सबै वडामा श्रमको सम्मान राष्ट्रको अभियान तथा वैदेशिक रोजगार वोर्ड बाट पाईने आर्थिक सहायताको सम्बन्धमा अभिमुखिकरण कार्यक्रम सम्पन्न
- वैदेशिक रोजगार वोर्ड बाट पाईने आर्थिक सहायताको लागि र श्रम स्वीकृतीको लागि वैदेशिक रोजगार वोर्ड सँग सम्वय गर्ने कामको प्रारम्भ गरिएको छ ।

| | प्रधानमन्त्री रोजगार कार्यक्रम आ.व. २०७९/०८० | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं. | कामका लागि पारिश्रमकमा आधारित आयोजना | वडा नं. | अनुमानित बजेट | खटाईएको श्रमिक | | | जम्मा दिन | दर | जम्मा खर्च |
| | | | | महिला | पुरुष | जम्मा | | | |
| १ | १ नम्बर वडामा सडक निर्माण मर्मत संभार,सरसफाई तथा कृषिका आयोजना | १ | 601164.89 | 0 | 5 | 5 | 478 | 577 | 275806 |
| २ | २नम्बर वडामा सडक निर्माण,मर्मत संभार, सरसफाई तथा कृषि सिचाईका आयोजना | २ | 507915.79 | 1 | 5 | 6 | 594 | 577 | 342738 |
| ३ | ३ नम्बर वडामा सडक निर्माण तथा सरसफाई | ३ | 207893.1 | 0 | 2 | 2 | 36 | 577 | 20772 |
| जम्मा | | | | | | | 1108 | 577 | 639316 |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना | | | | | | | | |
| १ | वडा नम्बर १मा सडक निर्माण मर्मत संभार,सरसफाई तथा कृषि सिचाईका आयोजना | १ | 733065.35 | 2 | 5 | 7 | 598 | 577 | 345046 |
| २ | वडा नम्बर २ मा सडक निर्माण मर्मत संभार,सरसफाई तथा कृषि सिचाईका आयोजना | २ | 579485.17 | 2 | 6 | 8 | 800 | 577 | 461600 |
| ३ | वडा नम्बर ३मा सडक निर्माण मर्मत संभार तथा नालि सरसफाई | ३ | 567519.89 | 5 | 3 | 8 | 162 | 577 | 93474 |
| ४ | सडक निर्माण मर्मत तथा सरसफाई वडा ४ | ४ | 345330 | 0 | 4 | 4 | 376 | 577 | 216952 |
| ५ | वडा नम्बर ५ मा सडक निर्माण मर्मत संभार तथा सरसफाईका आयोजना | ५ | 234206.72 | 0 | 4 | 4 | 204 | 577 | 117708 |
| ६ | वडा नम्बर ६ नम्बर वडामा सडक निर्माण, मर्मत संभार तथा सरसफाई | ६ | 878513.08 | 2 | 7 | 9 | 793 | 577 | 457561 |
| जम्मा | | | | 12 | 41 | 53 | 2933 | 577 | 1692341 |

## Summary Report

| बजेट शिर्षक | कुल बजेट | जम्मा खर्च |
|---|---|---|
| कामका लागि पारिश्रमकमा आधारित आयोजना | 879000 | 639316 |
| युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना | 2407000 | 1692341 |
| जम्मा | 3286000 | 2331657 |
| जम्मा प्रतिशत | 100% | 70.95% |

### शाखाका उपलब्धी समस्या तथा चुनौती

- बेरोजगार व्यक्तिहरुको प्राथमिकिकरण
- अपेक्षित अपनत्वको भावनामा कमी
- आयोजनामा ढिलाई हुनु
- स्थानीयहरुलाई काममा लगाउन समस्या

### ङ) सामाजिक विकास तथा न्यायीक शाखा :

| सि.नं. | मुद्दा संख्या | | | फछ्र्यौट संख्या | गत आ.व.को अन्य मुद्दा १७ र यस आ.व.मा दर्ता भएको जम्मा मुद्दा संख्या २३ गरी जम्मा ४० थान मुद्दा मध्ये फछ्र्यौट गर्न बाँकी मुद्दा |
|---|---|---|---|---|---|
| १ | जिम्मेवारी सरि आएका मुद्दा आ.व.२०७८।०७९ | नयाँ दर्ता आ.व. ०७९।०८० | जम्मा मुद्दा | जम्मा | जम्मा |
| | १७ थान | २३ थान | ४० थान | ३२ थान | ८ थान |

### च) पञ्जिकरण शाखा :

- सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरण गरेको
- सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण कार्यक्रम
- व्यक्तिगत घटना दर्ता सप्ताह २०८० वैशाख १ देखि ७ गते सम्म कार्यक्रम संचालन गरियो,

### छ) वातावरण तथा विपद व्यवस्थापन शाखा :

१) गाउँपालिका तथा वडा स्तरिय विपद व्यवस्थापन समिति गठनको काम समपन्न भई सकेको ।

२) वातावरण सँरक्षणका लागि जिल्ला बन डिविजन कार्यालयवाट एक हजार र कोहलपुर कार्यालयवाट एक हजार जम्मा दुई हजार विरुवा ल्याई वडा कार्यालय स्वास्थ्य चौकी प्रहरी कार्यालय विघालयहरु लगायत गाउँपालिकाको कार्यालयमा बृक्षारोपण कार्यक्रम सम्पन्न गरियो ।

३)२०७९।६।२१ गते देखि २०७९।६।२५ गते सम्म परेको अबिरल वर्षाको ढुवानमा परेका गाउँबस्तीहरुमा गई पानीका मुहानहरु खोल्न लगाईयो ।

४) ६ वटै वडाहरुमा सडकमा रहेको फोहर गाई गोरु भेडा बाखा ट्रेक्टर लगायत घरासी सामग्री हटाउन र शौचालय प्रयोग गर्न प्रचार प्रसार सचेतना कार्यक्रम सँचालन गरियो।

५) विपद जोखिम उद्धार कार्यक्रमका लागि सामग्री खरिद गरी भण्डारण गर्ने कार्यक्रम सम्पन्न गरियो ।

६) मिति २०७९ फागुन ६ र ७ गते ईरा मिरा तथा विपद न्युनि करण तालिम गा पा तथा वडाका प्रतिनिधीहरुको रोहबरमा तालिम समपन्न गरियो ।

७)२०७९ पुष महिनामा गरिब अशक्त बिरामी विधुवा जेष्ठ नागरिकहरु लाई न्यनो कम्मल तथा सिरक वितरण कार्यक्रम समपन्न गरियो ।

८)डुवानवाट पिडित घर परिवारलाई राहत वितरण कार्यक्रम समपन्न गरियो ।

क) चावल

ख) दाल

ग) तेल

घ) नुन

ङ) त्रिपाल

९) उप महा नगर पालिका नेपालगन्जवाट दमकल प्रयोगका लागि समन्वय तथा समझौता गरी अवश्यक परेको समयमा प्रयोग गर्ने काम समपन्न गरियो ।

१०) आगलागि भएको वडा न ५ बकसपुरमा ८ घर परिवार र वडा न २ फुलपुरवामा १घर परिवारलाई गापावाट राहत वितरण गरियो र साथै मिलाप नेपालवाट जस्तापाता लगायत ओडने ओछ्याउने समेतको राहत वितरणका लागि समन्वय तथा सहकार्य गरियो ।

११)नेपाल रेडक्रस सोसाईटी बाँकेवाट सहकार्य गरी त्रिपाल लगायत अन्य भाँडाकुडा समेत वितरण कार्यक्रममा सहयोग गरियो ।

१२) अन्य विपत परेका घर परिवारलाई आर्थिक सहयोगका लागि कार्यपालिका बैठकमा सिफारिस गरियो

१३) किर्डाक अर्न्तराष्ट्रिय सँस्थावाट राहत ५० घरघुरीलाई र ८० जनालाई राहत वितरण गरियो

१४) डुवानमा परेका पुर्ण, आँसिक र सामान्य क्षति भएका घर परिवारहरुको ६वटै वडाको तथ्याँक सँकलन गराई र जिल्ला विपद व्यवस्थापनमा पठाउने काम समपन्न गरियो ।

१५) प्रदुषण नियँत्रणका लागि केही कल कारखाना तथा फैक्ट्रीहरुमा अनुगमन गरी सुझावहरु दिने कार्य गरियो ।

१६) अविरल वर्षा भएको बेला प्रत्यक्ष ढुवानहरु भएको ठाँउहरुमा अनुगमन गरी ढुवान भएका ठाँउहरुमा डोजर प्रयोग गरी ढल निकासका मुहानहरु खोल्न लगाई समस्याहरु समाधान गरियो ।

१७) ईटा भट्टामा शौचालयहरु वनाई कामदारहरुलाई शौचालय प्रयोगका लागि दबाव दिएको ।

१८) पटक पटक जिल्ला विपद व्यवस्थान समितिको बैठकमा सहभागी भई समन्वय गर्ने काम गरियो ।

## ज) गरीबि निवारणका लागी लघु उद्यम बिकास कार्यक्रम :

१ सामाजीक परीचालन : खर्च रकम रु ५९९७०

- ❖ अभिमुखीकरण कार्यक्रम ३ वटा
- ❖ पीआर ए कार्यक्रम ४ वटा
- ❖ ए बी फम ११३ जना को भरेको
- ❖ समुह गठन ६ वटा गरी साथै बाकस रजीष्टर,पासबँक सहयोग गरीएको

२. उद्यमशिल्ता तालीम खर्च रकम रु २३७०००

- ❖ जानकी गा.पा ५गुरुवागाउँ २ वटा४६ जनालाई उद्यमशिल्ता सन्चालन गरीएको ।
- ❖ जानकी गा.पा ६ मा २ वटा ४२ जनालाई उद्यमशिल्ता तालीम सन्चालन गरीएको ।

शिप विकास तालिम

| क्रस | तालीम | ठेगाना | सख्या | खर्च रकम |
|---|---|---|---|---|
| १ | ढाका झोला तालीम १ महिना | जानकी ५ गुरुवागाउँ | १३ | १०५,८००। |
| २ | सिलाईकटाई तालीम ३ महिना | जानकी ५ बनियागाउँ | १० | २,७६,८८९। |
| ३ | बाखापालन तालीम ५, ५ दिन | जानकी ५, गुरुवागाँउ र जानकी ६ कपासी मा २ वटा | ५० | १,१०,०००। |
| ४ | जुत्ती स्यान्डील तालीम, २० दिन | जानकी ६ कपासी मा | १० जना | १,४७,४३०। |
| ५ | ब्युटीपालर तालीम ३ महिना | जानकी ६ प्रीप्रहवामा | २ | ७८३५०। |
| | | | | |
| | | | | |

## प्रविधि हस्तान्तरण :

| क्रस | ब्यबसाय | प्रबिधि तथा सामाग्री | ज्ना | खर्च रकम |
|---|---|---|---|---|
| १ | ढाका झोला | ६ वटा मेशीन ,६ वटा स्टुल,१३ वटा कैची | १३ जना | १०७,७०० |
| २ | सिलाईकटाई | १० वटा मेशीन १० वटा स्टुल, १० कैची | १० जना | १३४७५०। |
| ३ | बाखापालन | १४ वटा | १४ जना | १२२०००० |
| ४ | जुत्ती स्यान्डील | २ वटा मेशीन,२ मल्टीपलक, २ सेट फर्मा, पेन्चीस कैची | १० जना | ५९,०००। |
| ५ | ब्युटीपार्लर | २ वटा थेडीग्र कुची,एप्रोन ज्याकपिन | २ जना | १५,६००। |
| ६ | तरकारी खेती | २ वटा स्प्रेय टयाकी, २ रोल सिचाई पाईप | २ जना | १४०००। |

## स्तर उन्नती कार्यक्रम :

| क्र स | तलिम तथा प्रबिधि | ठेगाना | परिणाम | प्रबिधि सामाग्री | खर्च |
|---|---|---|---|---|---|
| १ | सिलाईकटाई तालिम तथा प्रबिधि | जानकी गा.पा.वडा न.६ पिप्रहवा | ९ | इनटरलक मेशिन तथा आइरण,अर्मोला मेशिन | १०५,५२१ |
| २ | तरकारी खेती | जानकी गा.पा.वडा न.६ र ४ | १२ | स्प्रे ट्याङ्की,क्यारेट,ढक तराजु,1को मोटर,कोकोपिड र डे | ८२,०२५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | ढाका झोला तालिम | जानकी गा.पा.वडा ४ | १ | अर्मोला मेशिन | १७५०० |
| ४ | बाखा बितरण | जानकी गा.पा.वडा न.३ | २० | बाखा बितरण | २,१३,४४६ |

## उपलब्धी समस्या तथा चुनौती :

- योजना अनुसार कार्यक्रमहरु भईरहको
- शिप मुलक तालिमहरु सञ्चालीत
- समिति बैठक सञ्चालनमा रहेको
- तालिममा सहभागिहरुको नियमितता र दिगोपना
- तालिम पश्चात उपलब्धी निकै न्यून हासिल
- सबैको चासो जरुरी
- बजेटको अभाव

## झ) शिक्षा युवा तथा खेलकुद शाखा :

**जानकी गाउँपालिका निसर्त बजेट तथा कार्यक्रम २०७९/०८०**

| क्र.सं. | कार्यक्रम /आयोजना /क्रियाकलापको नाम | विनियोजित बजेट | खर्च रकम | भौतिक लक्ष्य | वित्तीय लक्ष्य |
|---|---|---|---|---|---|
| १ | बालविकास तथा विद्यालय कर्मचारीहरुका लागि पारिश्रमिक -२ | ६८१२००० | ६८१२००० | १०० | १०० |
| २ | गा.पा. अनुदान करार शिक्षक/कर्मचारी पारिश्रमिक | ५१३४००० | ४९६७१७५ | १०० | ९६.७५ |
| ३ | विद्यालय विद्युत शुल्क | ६३६००० | ६३६००० | १०० | १०० |
| ४ | स्थानीय पाठ्यक्रम निर्माण तथा छपाई | ५५०००० | ५३७८९१ | १०० | ९७.८० |
| ५ | बालविकास केन्द्रका बालबालिकाका लागि शैक्षिक सामाग्री खरिद तथा वितरण | २५०००० | २५०००० | १०० | १०० |
| ६ | शैक्षिक क्यालेन्डर निर्माण तथा छपाई | ५०००० | ४८३०० | १०० | ९६.६० |
| ७ | शिक्षा शाखा सञ्चालन तथा व्यवस्थापन | ५०००० | ५०००० | १०० | १०० |
| ८ | आ.वि.र मा.वि.तहका शिक्षकहरुका लागि क्षमता विकास तालिम IEMIS तथा पाठ्यक्रम प्रवोधिकरण कार्यशाला | १५०००० | १३६५६५ | १०० | ९१.०४ |
| [illegible] | [illegible] | [illegible] | | | |

## जानकी गाउँपालिका निसर्त बजेट तथा कार्यक्रम (शिक्षा) २०७९/०८०

| क्र. सं. | कार्यक्रम /आयोजना /क्रियाकलापको नाम | विनियोजित बजेट | खर्च रकम | भौतिक लक्ष्य | वित्तीय लक्ष्य |
|---|---|---|---|---|---|
| १० | गाउँपालिका स्तरीय निबन्ध प्रतियोगिता सञ्चालन र पुरस्कार (कक्षा ६-१०) | १००००० | ० | ० | ० |
| ११ | गाउँपालिका स्तरीय अध्यक्षकप खेलकुद प्रतियोगिता | ६००००० | ५९७४६१ | १०० | ९९.५८ |
